Date ______
Page ______

घ्याङलेख गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

बैठक संख्या:

आज मिति २०७८ साल कार्तिक [illegible] गते सोमबारका दिन घ्याङलेख गाउँकार्यपालिकाको बैठक अध्यक्ष श्री जगत बहादुर भोलनज्यूको अध्यक्षतामा बसी निम्नानुसारका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | जगत बहादुर भोलन | अध्यक्ष | |
| २ | श्री दुर्गादेवी सुनुवार | उपाध्यक्ष | |
| ३ | श्री रामकाजी वाइबा | सदस्य | |
| ४ | श्री एक बहादुर खड्का | सदस्य | |
| ५ | श्री कृष्ण बहादुर थिङ | सदस्य | |
| ६ | श्री चक्रवहादुर पाखिन | सदस्य | |
| ७ | श्री विष्णु कुमार कर्माचार्य | सदस्य | |
| ८ | श्री जेसुन्दरी मायावाइबा | सदस्य | |
| ९ | श्री यम कुमारी दमाई | सदस्य | |
| १० | श्री जानुकाथापा मगर | सदस्य | |
| ११ | श्री हिमालीमायावि.क. | सदस्य | |
| १२ | श्री गंगामायावि.क. | सदस्य | |
| १३ | श्री सुन मायाथिङ | सदस्य | |
| १४ | श्री राम कुमार कार्की | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

अन्यउपस्थिति :

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेश कुमार अधिकारी | लेखा अधिकृत (सातौं) | |
| २ | भरत श्रेष्ठ | ईन्जिनियर | |
| ३ | श्री लक्ष्मण दत्त पन्त | प्रशासन सहायक पाचौं | |
| ४ | भरतजंग थापा | प्रशासन सहायक पाचौं | |
| ५ | विश्वराज डोटेल | परामर्शदाता | |

Date ______
Page ______

# घ्याङलेख गाउँपालिका
## गाउँ कार्यपालिकाको बैठक
## मिति २०७८ कार्तिक २९ गते सोमबार
## बैठकका प्रस्ताव तथा निर्णयहरु

**बैठकका प्रस्तावहरु :**

१. अघिल्ला कार्यपालिका बैठकको समिक्षा सम्बन्धमा ।

२. प्राकृतिक प्रकोपबाट भएको क्षति र क्षतिपूर्ति सम्बन्धमा ।

३. भूकम्प पछिको पुन निर्माणको गर्न बाँकी काम सम्बन्धमा ।

४. गाउँपालिकाको प्राविधिक शाखाका कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा ।

५. धन्यवाद ज्ञापन तथा सम्मान पत्र प्रदान गर्ने सम्बन्धमा ।

६. कार्यालयको आर्थिक तथा प्रशासनिक कार्य गर्ने गरी जिम्मेवारी दिन सिफारिस गर्ने सम्बन्धमा ।

७. गरिबी निवारणको लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत संचालन गरिएको सिप विकास तालिममा प्रयोग भएका औजार/सामग्रीहरु र उत्पादित सामग्री सम्बन्धमा ।

८. विविध सम्बन्धमा ।

**निर्णयहरु:**

**निर्णय नं. १ :-** प्रस्ताव नं. १ माथि छलफल गर्दा यस अघि भए गरेका निर्णयहरुको समिक्षा गरी कार्यन्वयन भएको तथा कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई यथासिघ्र कार्यान्वयन गर्ने निर्णय गरियो।

**निर्णय नं. २ :-** प्रस्ताव नं. २ माथि छलफल गर्दा गत आ.व र चालु आवमा भएका प्राकृतिक विपद (बाढी, पहिरो, आगलागी) बाट क्षति भएको भनी कार्यालयमा प्राप्त निवेदनहरु हेरि कार्यविधिमा उल्लेख भएको हकमा कार्यविधि अनुसार र कार्य विधिमा उल्लेख नभएको हकमा रु.१० हजार देखि रु.१५ हजार सम्म क्षतिपूर्ति राहत दिने निर्णय गरियो ।

**निर्णय नं. ३ :-** प्रस्ताव नं. ३ माथि छलफल गर्दा भूकम्प पछिको पुनःनिर्माणमा भएको कामको अनुगमन गर्ने तथा गर्न बाँकी कामको लागि खटिई आएका प्राविधिकहरुले सम्बन्धित वडा अध्यक्षहरुसँग समन्वय गरी तोकिएको मितिमा लाभग्राहीहरुलाई काम सम्पन्न गर्न लगाई भुक्तानीको लागि सम्बन्धित निकायमा पेश गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :-** प्रस्ताव नं. ४ माथि छलफल गर्दा विकास निर्माण योजना/कार्यक्रम संचालनको लागि वडा नं. १ मा अ.स.ई. छत्र बहादुर श्रेष्ठ, वडा नं. २ मा अ.स.ई. ईन्द्रकला थापा, वडा नं. ३ र ४ मा अ.स.ई. रमेश वली र वडा नं. ५ मा अ.स.ई. शम्भू बहादुर योञ्जन लाई मसिंर १ गतेबाट वडामै हाजिर हुने गरी कार्य जिम्मेवारी दिने साथै ठेक्काबाट/संचालन हुने ४ ठूला

योजनाहरुको सुपरिवेक्षणको लागि कन्टेन्जेसीबाट पारिश्रमि व्यहोर्ने गरी प्रति योजना एक/एक जना सुपरभाईजर राख्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :-** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकामा मिति २०७६ फाल्गुन २८ गते देखि निरन्तर कार्य गरी आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री राम कुमार कार्की संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयले तीनपाटन गाउँपालिका सरुवा हुनु भएको हुदा यस गाउँपालिकामा रही पुर्‍याउनुभएको अमूल्य योगदानको उच्च कदर गर्दै धन्यवाद ज्ञापन सहित सम्मान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६ :-** प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत राम कुमार कार्कीको अन्यत्र सरुवा हुनु भएकोले कार्यालयको काममा बाधा नपुगोस भन्ने उदेश्यले यस कार्यालयमा कार्यरत जेष्ठ कर्मचारी लेखा अधिकृत (सातौं) श्री सुरेश कुमार अधिकारीलाई आर्थिक तथा प्रशासनिक कार्य गर्ने गरी जिम्मेवारी दिन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७ :-** प्रस्ताव नं. ७ माथि छलफल गर्दा गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत संचालन गरिएको सिप विकास तालिममा प्रयोग भएका औजार/सामग्रीहरु खरिद मूल्यको २० प्रतिशत लिई समूहलाई हस्तान्तरण गर्ने तथा तालिमका क्रममा उत्पादित सामग्रीहरुको लागत मूल्यांकन गरी ५० प्रतिशत छुटमा बिक्री वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८ :-** विविध सम्वन्धमा छलफल गर्दा

क. घरेलु तथा साना उद्योग कार्यालय सिन्धुलीको च.नं ४७, (प्र.), मिति २०७८।०७।१० पत्र अनुसार मुख्य पहाडी/हिमाली क्षेत्रका सार्वजनिक जग्गामा वजार घर निर्माण गर्न रु.७,००,०००।०० (अक्षरुपी सात लाख रुपैंया) रकम छुट्याईएको र भवन निर्माणको लागि उपयुक्त स्थान छनौट गर्न भनी लेखी आए अनुसार भवनको लागि वडा नं. २ डुम्रीमा जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

ख. वडा नं. ५को विद्युतिकरण विस्तारको लागि नेपाल विद्युत प्राधिकरण, सामुदायिक विद्युतिकरण विभागमा दक्षिणकाली सामुदायिक विद्युतिकरण सहकारी संस्था लि. मार्फत जम्मा भएको रु.९०,००,०००।०० (अक्षेरुपी नब्बे लाख मात्र), वडा नं. ४ को विद्युतिकरणको लागि नेत्रकाली सामुदायिक विद्युतिकरण सहकारी संस्था लि. मार्फत रु.३७,५२,०००।०० (अक्षेरुपी सैंतीस लाख बाउन्न हजार मात्र), वडा नं. २ को भैंसेमा विद्युत विस्तार गर्न नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय सिन्धुलीमा भुक्तानी भएको रु.४९,९५,६६५।४० को योजना सम्पन्न प्रतिवेदन र बाँकी गाउँपालिकामा फिर्ता हुनुपर्ने रकम हालसम्म प्राप्त नभएकोले पुनः ताकेता गरी योजना सम्पन्नको स्थिति र बाँकी फिर्ता पाउनु पर्ने रकम माग गर्ने निर्णय गरियो ।

ग. फापरचुली भ्यूटावर निर्माणको ठेक्का पाएको घ्याङलेख निर्माण सेवाले निर्माण कार्य समयमा सम्पन्न गर्न नसकेको भनी म्याद थपको लागि माग गरेकोले २०७८ फाल्गुन मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

घ. आ.व २०७७।०७८ मा गाउँपालिकाको सशर्त अनुदानबाट खरिद गरिएको ९२ ओटा सुधारिएको चुलोहरुमध्ये प्रति वडा १५ ओटाका दरले वडा कार्यालयलाई र बाँकी १७ ओटा गा.पा अध्यक्ष एवं

उपाध्यक्ष मार्फत गरिबीको रेखामुनी रहेका घरधुरीहरुलाई मागफारम गराई वितरण गर्ने निर्णय गरियो ।

ङ. गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण सम्वन्धी विषयमा परामर्शदातृ संस्थाको तर्फबाट परामर्शदाता विश्वराज डोटेलले आफ्नो विषय प्रस्तुत गर्नुभयो ।

च. गत आव वडा नं. ३ मा खेलकुद कार्यक्रम संचालन भई ०७८ असार ३१ गते वील भर्पाई पेश हुन आएकोले सुत्र सर्भर बन्द भएकोले भुक्तानी हुन नसकिएको हुदा चालु आ.व.को विविध शिर्षक बाट रु.५०,०००।०० मा नबढ्ने गरी भुक्तानी दिन निर्णय गरियो ।

छ. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (योजना तथा अनुगमन शाखा) को प.सं २०७८।७९ च.न. ७९, मिति २०७८।०७।१५ को पत्रानुसार स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधि, २०७८ (परिमार्जित) स्वीकृत भई संघीय सरकार र स्थानीय तहको लागत सहभागितामा निर्माण हुने नेपाल सरकारले उच्च प्राथमिकता दिएकोले यस कार्यक्रममा आवश्यक समन्वय तथा सहकार्यका लागि भनि लेखि आएकोले सो अनुसार यस गाउँपालिकाको पनि मापदण्ड अनुसारको प्रयाप्त कोठा भएको प्रशासकीय भवन नभएकोले भवन निर्माण कार्य अगाडी बढाउन विस्तृत योजना प्रतिवेदन (DPR) तयार भएकोले कार्यविधि अनुसार कुल रकमको ४० प्रतिशत गाउँपालिकाबाट व्यहोर्ने गरी प्रशासकीय भवन निर्माणको लागि स्थानीय पूर्वाधार विभाग, श्रीमहल, पुल्चोक ललितपुरमा DPR सहित योजना माग फारम भरि पेश गर्ने निर्णय गरियो ।

ज. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय (नीति योजना शाखा) को प्राप्त च.नं. ५०२, मिति २०७७।०९।२१ को पत्रानुसार यस गाउँपालिकामा १० शैयाको आधारभूत अस्पताल निर्माण गर्ने लक्ष्य भएकोले यस गाउँपालिकाको नाममा रहेको साविक नेत्रकाली वडा नं. ५ को कि.न. ८५ को क्षेत्रफल ४-०-०-० (चार) रोपनी र यसको सिमानामा रहेको ऐलानी पर्ने जग्गा ४-०-०-० (चार) रोपनी समेत जम्मा ८-०-०-० (आठ) रोपनी जग्गामा उक्त अस्पताल निर्माण गर्न विस्तृत योजना प्रतिवेदन (DPR) समेत तयार भएकोले सो बमोजिम अस्पताल निर्माण गर्न बजेत विनियोजन गरी दिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई लेखी पठाउने निर्णय गरियो ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

जगत बहादुर भोलन
अध्यक्ष